# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, चैत्र २१ गते, २०७८ साल (अतिरिक्ताङ्क ३०

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## पर्यटन विकास (प्रथम संशोधन) नियमावली, २०७८

पर्यटन विकास नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमहरुको नाम “पर्यटन विकास (प्रथम संशोधन) नियमावली, २०७८” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>पर्यटन विकास नियमावली, २०७७ को नियम २ मा संशोधनः</u> पर्यटन विकास नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को :-

खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "कार्यालय" भन्नाले पर्यटन कार्यालय सम्झनु पर्दछ।"

३. <u>मूल नियमावलीको नियम २२ मा संशोधनः</u> मूल नियमावलीको नियम २२ को:-

उपनियम (२) को खण्ड (क) मा रहेको “औद्योगिक तथा पर्यटन प्रबर्द्धन” भन्ने वाक्यांशको सट्टा “पर्यटन” र खण्ड (ख) मा रहेको “भौतिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

तथा पूर्वाधार विकास मन्त्रालयको" भन्ने वाक्यांशको सट्टा "भौतिक पूर्वाधार सम्बन्धी कार्य हेर्ने प्रदेश मन्त्रालयको" भन्ने वाक्यांश राखिएको छ।"

४. <u>मूल नियमावलीको नियम ५२ मा संशोधनः</u> मूल नियमावलीको नियम ५२ को,-

"उपनियम (१) को खण्ड (क) मा रहेको "पर्यटन तथा औद्योगिक प्रबर्द्धन" भन्ने वाक्यांशको सट्टा "पर्यटन" भन्ने वाक्यांश राखिएको छ।"

स्वीकृत मितिः- २०७८/१२/२१

आज्ञाले,
ईश्वर कुमार गिरी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १